# किर्गिस्तानका पूर्व राष्ट्रपतिलाई ११ वर्ष जेल सजाय

■ एजेन्सी



विस्केक । किर्गिजस्तानको एक अदालतले देशमा भ्रष्टाचार र व्यापक अशान्तिमा संलग्नता भएको अभियोगमा एक निर्वासित पूर्व राष्ट्रपतिलाई ११ वर्षभन्दा बढी जेल सजाय सुनाएको छ । सन् २०११ देखि २०१७ सम्म राष्ट्रपति रहेका अल्माज्बेक अताम्बायेभले निर्वाचित राष्ट्रपतिलाई गणतन्त्र किर्गिस्तानको शान्तिपूर्ण सत्ता हस्तान्तरण गरे ।

सन् १९९१ मा सोभियत संघको पतनसँगै स्वतन्त्रता प्राप्त गरेयता किर्गिस्तानमा तीनवटा विद्रोह भएको छ । अताम्बायेभलाई पहिलो पटक अगस्ट २०१९ मा उनको निवासमा छापा मारी पक्राउ गरिएको थियो । त्यसपछि सन् २०२० को आन्दोलनबीच अस्थायी रुपमा मुक्त गरिएको थियो भने पछि उनलाई पुनः पक्रउ गरिएको थियो ।

सन् २०२३ मा स्वास्थ्यको कारण देखाउँदै उनी जेलबाट छुटेका थिए । उनी उपचारका लागि स्पेन गएका थिए । त्यसयता उनी स्वदेश फर्किएका छैनन् । एक नयाँ मुद्दामा अदालतले उनलाई अवैध रूपमा भूमि अधिग्रहण गरेको र सन् २०१९ अगस्टमा व्यापक दमन गरेको अभियोगमा दोषी ठहर गरेको छ । अदालतले्साढे ११ वर्षको जेल सजाय सुनाएको छ ।

किर्गिस्तानका वर्तमान राष्ट्रपति सादिर जापारोभले अताम्बायेभलाई आममाफी दिन आग्रह गरेमा आफूले माफी दिनेबारे विचार गर्ने बताएका छन् । उनले भने, 'घटना भएको छ वर्ष बितिसकेको छ । स्थिति शान्त भएको छ । मलाई लाग्छ, अदालत कम कठोर हुन सक्थ्यो,' जापारोभले किर्गिजस्तानको राज्य सञ्चालित समाचार संस्था कबारसँग बताए ।

जापारोभ सन् २०२० को आन्दोलनको बलमा सत्तामा स्थापित भए । यो देशलाई लामो समयदेखि मध्य एसियाको सबैभन्दा स्वतन्त्र र लोकतान्त्रिक देशको रूपमा हेरिएको थियो । हालैका वर्षहरूमा किर्गिजस्तानका सरकार र प्रशासकहरूले लोकतान्त्रिक प्रतिगमन अगालेको र स्वतन्त्र नागरिक समाज र सञ्चार माध्यमहरूमाथि बढ्दो दमन गरेको भनी अधिकारवादी समूहहरूले आलोचना गरेका छन् ।

## विपक्षी दल...

### अनुसन्धान भए परराष्ट्र मन्त्रालय पनि तानिन्छ

अध्यागमनसम्म पँहुच बनाएर सेटिङ गरेका दलालहरू यतिमा मात्र सीमित छैनन् । उनीहरूले नेपालबाट त्यसरी विभिन्न देशमा पुर्‍याएका नेपालीहरूको व्यवस्थापन त्यहाँका दलाल र दूतावासका कर्मचारीहरूको मिलेमतोमा हुने गरेको आप्रवासनविद् डा. पौडेलको दाबी छ । आप्रवासनका लागि अन्तर र्राष्ट्रिय संगठन (आइओएम)मा काम गरिसकेको र विभिन्न मुलुकमा आप्रवासनसम्बन्धी काम गर्दा मानव तस्करीमा परराष्ट्रको पनि संलग्नता भेटिएको र त्यसले अहिलेसम्म निरन्तरता पाएको उनी बताउँछिन् । अहिले भिजिट भिसा प्रकरण सतहमा आएका बेला त्यसमा गृहलाई मात्र देखाएर परराष्ट्रको संलग्नता छायामा पर्न नहुने डा. पौडेलको भनाइ छ । विपक्षीहरू पनि गृह मन्त्रालयको मात्र विषय उठाएर राजनीतिक रोटी सेक्ने दाउमा छन् । विशेष गरी माओवादी केन्द्र र राष्ट्रिय स्वतन्त्र पार्टीले आफूहरू गृह मन्त्रालय र मन्त्रीको राजीनामाभन्दा पनि सुशासनको पक्षमा रहेको बताइरहेका छन् । यसैका लागि छानबिन समिति बन्नुपर्ने उनीहरूको माग छ । र, २०६४ सालयताका सबै गृहमन्त्रीको कार्यकाल पनि छानबिनको दायरामा आउनुपर्ने आवाज उठाइरहेका छन् ।

भिजिट भिसाका नाममा चलिरहेको मानव तस्करीमा गृह मन्त्रालय मात्रको भूमिका देख्नु, तर यस विषयमा प्रत्यक्ष संलग्नता राख्ने परराष्ट्र मन्त्रालयबारे विपक्षीले चासो नै नराख्नुले विपक्षीकै भूमिकामाथि पनि शंका उब्जाएको छ । रास्वपा नेता तथा सांसद् हरि ढकाल यस विषयमा आफूहरू जानकार रहे पनि अहिलेको विषय 'डाइभर्ट' हुने भएकाले त्यो विषय नउठाएको बताउँछन् । तर, भिजिट भिसा प्रकरणबारे उच्चस्तरीय छानबिन आयोग गठन भएमा परराष्ट्र पनि अनुसन्धानको घेरामा आउने उनको भनाइ छ ।

'अहिले नै यो विषयमा अरू विषयलाई पनि जोडेर हेर्न थालियो भने भिजिट भिसा प्रकरण नै कमजोर हुन्छ । हामी यो प्रकरणलाई कमजोर बनाएर ढिसमिस हुन दिने पक्षमा छैनौं,' ढकालले भने, 'भिजिट भिसा प्रकरणमा जसरी पनि उच्चस्तरीय छानबिन आयोग बनाउँछौं नै, बन्नैपर्छ । आयोग बनेर छानबिन सुरु भएपछि त परराष्ट्र मन्त्रालय पनि पक्कै तानिन्छ ।'

## गृहमन्त्रीको राजीनामा...

उनले भिजिट भिसा प्रकरण सुशासनसँग जोडिएकाले गृहमन्त्री लेखकले राजीनामा दिनुपर्ने आफूहरूको अडान कायमै रहेको बताएका थिए । विपक्षी दलले गृहमन्त्री लेखकको राजीनामा र उच्चस्तरीय छानबिन समिति गठन गर्ने सहमति नभएसम्म सदन सञ्चालनको वातावरण नबन्ने बताएका थिए ।

उता, नेकपा एमालेका प्रमुख सचेतक महेश बर्तौलाले भिजिट भिसा प्रकरणमा प्रतिपक्षी दलहरूले अघि सारेका मागहरू कुनै पनि हालतमा पूरा हुन नसक्ने बताएका छन् । बुधबार संसद् भवन परिसरमा सञ्चारकर्मीहरूसँग प्रमुख सचेतक बर्तौलाले गृहमन्त्रीले सार्वजनिक रूपमा उठेका प्रश्नको संसद्मा जबाफ दिने भन्दा पनि प्रतिपक्षीहरूले अवसर नदिएको भन्दै आपत्ति जनाए ।

उनले अख्तियार दुरुपयोग अनुसन्धान आयोगको अनुसन्धान प्रतिवेदन सार्वजनिक नभएसम्म कुनै पनि छानबिन समिति नबन्ने बताए । संवैधानिक आयोगभन्दा ठुलो कुनै पनि छानबिन समिति हुन नसक्ने भन्दै बर्तौलाले गृहमन्त्रीले राजीनामा पनि नदिने र छानबिन समिति पनि नबन्ने बताए ।

## सरकारको टेक...

### कसले छिरायो बजेटमा यो नीति ?

निजी क्षेत्रले बनाउने जलविद्युत् आयोजनाको पिपिएमा 'टेक एन्ड पे'को प्रावधान हटाउन माग गर्दै इप्पानले ऊर्जामन्त्री र अर्थमन्त्रीलाई ज्ञापनपत्र बुझाएको छ । ऊर्जामन्त्री दीपक खड्काले बजेटमा 'टेक अर पे' प्रावधानलाई 'टेक एन्ड पे' बनाउनु राष्ट्र निर्माण गर्ने सरकारको उद्देश्यविपरीतको कार्य भएको बताए । उनले भारत र बंगलादेशमा निर्यातका हिसाबले २८ हजार ५०० मेगावाटसम्मै 'टेक अर पे' पिपिए गर्नुपर्ने र खपतका हिसाबले पनि २०३५ सम्म १३ हजार ५०० मेगावाट आन्तरिक रूपमै खपत हुने मन्त्रालयको प्रक्षेपण रहेकाले अहिले नै टेक एन्ड पेमा जानुपर्ने कुनै बाध्यता सरकारलाई नरहेको स्पष्ट पारे । 'भुलवश बजेटमा आएको हो भने सच्याउनुपर्छ । तर, जानाजान हालिएको हो भने मन्त्रालय पनि निजी क्षेत्रसँगै उभिन्छ,' उनले भने ।

इप्पान टोलीले अर्थमन्त्री विष्णु पौडेललाई पनि भेटेर टेक एन्ड पेको प्रावधान नसच्याए यो क्षेत्र नै समाप्त हुने भन्दै सच्याउन आग्रह गरेका छन् । सो क्रममा अर्थमन्त्रीले 'अध्ययन' गर्ने जबाफ दिएका थिए । टेक एन्ड पे प्रावधान बजेटमा भूलवश नआएको भन्दै नियतवश नै ल्याइएको ऊर्जा उत्पादकहरूको आशंका छ ।

## यातायात क्षेत्रमा...

सार्वजनिक यातायात अत्यावश्यक सेवा क्षेत्र भएकाले त्यसमा हड्ताल गर्न नपाइने कानुनी व्यवस्थाको बर्खिलाप हड्ताल गरिएको दाबीसहित रिटमा तत्काल सार्वजनिक यातायात सुचारु गर्न अन्तरिम आदेशको माग गरिएको थियो ।

सार्वजनिक यातायात ठप्प पार्दा विद्यार्थी, बिरामी, कर्मचारी, शिक्षकलगायत हजारौं नागरिकको आवतजावतमा गम्भीर असर परेको रिटमा उल्लेख गरिएको छ । यद्यपि, गण्डकी सरकारले ल्याएको राइड सेयरिङसम्बन्धी नियमावाली १ महिना स्थगन गर्ने सहमतिपछि बुधबारदेखि नै सार्वजनिक यातायात पूर्ववत् सञ्चालनमा आइसकेको छ ।


**Ashok Leyland Vehicle Price List** (MRP) (Effective from 5th June, 2025)

| Model | MRP |
|---|---|
| Ecomet 1214IL 4750 HSD Truck 20FT | 4,770,000.00 |
| 2523 Cowl Chassis 4900 MM | 6,950,000.00 |

IME MOTORS Corporate Office: Kathmandu, Nepal, Tel:+977-1-4955920/4955921 ASHOK LEYLAND



**QATAR मा रोजगारको अवसर** Niyukti Vansa Restaurant

पूर्व स्वीकृती मिति: २०८२/२/२१ LT.No. 325147

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने.रु. | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | Accountants/Cashiers | 1 | 0 | कामचलाउ | 3600 | १,३४,३८९/- | कम्पनी नियम अनुसार | ८ घण्टा | ६ दिन | कम्पनी नियम अनुसार | छ | छ | २ वर्ष |
| २ | Admin Supervisor | 1 | 0 | | 2500 | ९३,९९०/- | | | | | | | |
| ३ | Assistant Cook | 2 | 0 | | 1400 | ५२,६३५/- | | | | | | | |
| ४ | Cashier | 2 | 2 | | 1400 | ५२,६३५/- | | | | | | | |
| ५ | Chef Or Cook | 1 | 2 | | 1600 | ६०,१५०/- | | | | | | | |
| ६ | Driver | 3 | 0 | | 1500 | ५६,३९५/- | | | | | | | |
| ७ | Freight Forwarding Representatives | 0 | 3 | | 2100 | ७८,९५०/- | | | | | | | |
| ८ | Gen. Clean Worker | 0 | 1 | | 1000 | ३७,५९५/- | | | | | | | |
| ९ | Grocer | 1 | 0 | | 1400 | ५२,६३५/- | | | | | | | |
| १० | Juice Maker | 1 | 0 | | 1400 | ५२,६३५/- | | | | | | | |
| ११ | Labour | 8 | 0 | | 1000 | ३७,५९५/- | | | | | | | |
| १२ | Purchase Representative | 2 | 0 | | 2200 | ८२,७०८/- | | | | | | | |
| १३ | Shawarma Maker (Cook) | 1 | 0 | | 1500 | ५६,३९५/- | | | | | | | |
| १४ | Watches Salesman | 3 | 0 | | 1400 | ५२,६३५/- | | | | | | | |

अन्तरवार्ता २०८२ जेष्ठ २९ गते (12 June, 2025) यस प्रा. लि. को कार्यालय मित्रपार्क काठमाडौंमा हुनेछ ।

**जोइन्ट रिसोर्स म्यानेजमेन्ट प्रा. लि.**
मित्रपार्क, काठमाडौं, फोन : ०१-४५१०३२७, ४५१०३२८ Email: jointresourcemanagement2017@gmail.com



**कर्जा चुक्ता भुक्तानी गर्ने सम्बन्धी ३५ (पैतिस) दिने अत्यन्त जरुरी सूचना**

(प्रकाशित मिति २०८२ साल जेठ महिना २२ गते विहीबार)

यस विकास बैंकको विभिन्न शाखा कार्यालयहरुबाट तपशिलमा उल्लेखित ऋणीहरुले विभिन्न कर्जा शीर्षक अर्न्तगत लिएको कर्जाको साँवा, ब्याज र अन्य दै दस्तुर समेत तिर्ने बुझाउने सम्बन्धमा बैंकसंग गरेको शर्त कबुलियत उल्लंघन गर्नु भएको र बैंकबाट पटक पटक मौखिक तथा लिखित रुपमा तरताकेता गर्दा समेत सो कर्जाको तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज तथा हर्जाना समेत चुक्ता भुक्तान गर्न आउने तर्फ कुनै चासो नदेखाउनु भएको र नआउनु भएकोले यो सूचना प्रकाशित भएको मितिले ३५ (पैतिस) दिन भित्रमा बैंकलाई तिर्न बुझाउनु पर्ने सम्पूर्ण साँवा, ब्याज तथा हर्जाना ब्याज समेत चुक्ता भुक्तान गर्न आउनुहुन यो सूचना प्रकाशित गरिएको छ। उक्त अवधि भित्र तपाईले यस संस्थाबाट लिएको कर्जाको साँवा, ब्याज र अन्य दै दस्तुर चुक्ता भुक्तान नगरेमा धितो सुरक्षणमा तपाईले लेखिदिएको सम्पूर्ण चल अचल सम्पत्ति बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ को दफा ५७ उपदफा १ ले दिएको अधिकार प्रयोग गरी धितो लिलाम बिक्री गरी वा सो बाट समेत संस्थाको सम्पूर्ण लेना रकम असूल उपर नभएमा प्रचलित कानून अनुसार कारबाही गरी बैंकले आफ्नो लेना रकम असुल उपर गर्नुका साथै तपाई ऋणी तथा व्यक्तिगत धनजमानीकर्ता समेतलाई नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम कर्जा सूचना केन्द्र लि.को कालो सूचीमा समावेश गरिने व्यहोरा समेत जानकारी गराईन्छ।

तपशिल

**१) शाखा कार्यालय : कुमारीपाटी शाखा** — **कर्जा शीर्षक : अटो कर्जा**

**ऋणीको विवरण**

दधिलाल पराजुलीको नाति नेत्र प्रसाद पराजुलीको छोरा काभ्रेपलाञ्चोक जिल्ला ज्याम्दी गा.वि.स. वडा नं. ४ हाल, काठमाडौं जिल्ला काठमाडौं म.न.पा. वडा नं. ३ बस्ने **सुदिप पराजुली** (ना.प्र.नं. : ३०-०१-६९-०५२७५ जारी मिति र जिल्ला : २०६९/०५/०७, काभ्रेपलाञ्चोक)

**व्यक्तिगत धनजमानीकर्ताहरुको विवरण**

कमल लोचन पराजुलीको नाति दधिलाल पराजुलीको छोरा काभ्रेपलाञ्चोक जिल्ला ज्याम्दी वडा नं. ४ हाल, काठमाडौं जिल्ला काठमाडौं म.न.पा. वडा नं. ३ बस्ने **नेत्र प्रसाद पराजुली** (ना.प्र.नं. : ८२०/०४६ जारी मिति र जिल्ला : २०४६/०१/२९, काभ्रेपलाञ्चोक)

**२) शाखा कार्यालय : रामपुर शाखा** — **कर्जा शिर्षक : साना व्यक्तिगत कर्जा**

**ऋणीको विवरण**

नर वहादुर सार्कीको नाति डिल्ली वहादुर सार्कीको छोरा ओखलढुङगा जिल्ला कटुन्जे वडा नं. ८ हाल, सुनकोशी गा.पा. वडा नं. १० बस्ने **केदार वहादुर सार्की** (ना.प्र.नं. : ९४६४/५१७ जारी मिति र जिल्ला : २०५०/०८/१०, ओखलढुङगा)

**व्यक्तिगत धनजमानीकर्ताहरुको विवरण**

१) घन बहादुर सार्कीको छोरी डिल्ली वहादुर सार्कीको बुहारी केदार वहादुर सार्कीको पत्नी ओखलढुङगा जिल्ला कटुन्जे वडा नं. ८ हाल, सुनकोशी गा.पा. वडा नं. १० बस्ने बस्ने **मान कुमारी सार्की** (ना.प्र.नं. : ५३११९/२५७३ जारी मिति र जिल्ला : २०६०/०४/२९, ओखलढुङगा)

२) दधिराम ढकालको नाति अनिरुद्र ढकालको छोरा ओखलढुङगा जिल्ला कटुन्जे वडा नं. ८ हाल, सुनकोशी गा.पा. वडा नं. १० बस्ने **होम प्रसाद ढकाल** (ना.प्र.नं. : ६४७७/५६६ जारी मिति र जिल्ला : २०५१/०७/०७, ओखलढुङगा)

"नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजतपत्र प्राप्त राष्ट्रिय स्तरको विकास बैंक"

**मुक्तिनाथ विकास बैंक लि.**
**MUKTINATH BIKAS BANK LTD.**
Winner of EUROPEAN MICROFINANCE AWARD 2020
Central Office: Lazimpat, Kathmandu, Tel.: 01-5970887, Toll Free No. (NTC): 16600149999, Toll Free No. (Ncell): 18102149999, E-mail: info@muktinathbank.com.np, Web: www.muktinathbank.com.np
जनता बैंकमा होइन, बैंक जनतामा जानु पर्दछ



**धनगढी उप-महानगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
धनगढी, कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल

**बोलपत्रको आशय पत्र सम्बन्धि सूचना**

प्रकाशित मिति २०८२/०२/२२

यस धनगढी उप- महानगरपालिका नगर कार्यपालिका कार्यालयको आ. व. २०८१/०८२ अन्तर्गत तपसिल बमोजिमका कार्यको लागि राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित सुचना अनुसार न्युनतम मुल्यांकित सारभूत रुपमा प्रभावग्राही देखिन आएका बोलपत्र स्वीकृतिका लागि छनौट भएको हुँदा सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ र ३ बमोजिम सम्बन्धित सबै फर्मको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ |

तपसिल:

| ठेक्का न. | कामको विवरण | फर्म/ कम्पनी | कबोल रकम |
|---|---|---|---|
| 151/DSMC/ 2081/082 | Procurement for the supply, Delivery and Installation of Interactive Smart Board with Accessories of Specified Specification for Various School of Dhangadhi Sub Metropolitan City | श्री गेट इन्जिनियरिंग ट्रुप प्रा. लि. शंखमुल, काठमाण्डौ | रु. ६२,३५,०००/०० मु. अ. क. बाहेक |
| 153/DSMC/ 2081/082 | Construction of Children Play Area and Market Area at Khula Manch Ward No. 01 DSMC | श्री पावरअप/ आलोक/ विष्णु जे. भी. गोदावरी, कैलाली | रु. १,९३,४९,६३७/१० मु. अ. क. बाहेक |
| 154/DSMC/ 2081/082 | Maintenance of Road Works at Ward No. 5 and 6 DSMC | श्री ए. एन. एस. कन्स्ट्रक्सन धनगढी, कैलाली | रु. ३३,६०,७०५/०५ मु. अ. क. बाहेक |

प्रमुख प्रशासकीय अधिकृत



**Ratuwamai Municipality**
**Office Of Municipal Executive**
Sijuwa,Morang
Koshi Province, Nepal

**Invitation for Electronic Bids**

First Date of Publication : 2082/02/22

1. Ratuwamai Municipality Office invites electronic bids from Nepalese eligible bidders for the construction works mentioned below :-

| S.N | Contract Name/Contract ID | Estimated Amount (NRs) (Exclusive of VAT & Contingencies) | Cost of Bidding Document (NRs) | Bid Security Amount (NRs) | Deadline date of bid submission and opening date |
|---|---|---|---|---|---|
| 1 | Satsang Mandir Uttar Gau kalopatre yojna Nirantarta Bhulkadubba(Rmun/NCB/ Works/25/2081/82) | 55,34,437.28 | 3000 | 1,55,000 | Submission Deadline 2082/03/22 12:00 Noon Opening Date 2082/03/22 13:00 Noon |

2. Eligible Bidders may obtain further information by visiting PPMO website **www.bolpatra.gov.np/egp .**
3. A complete set of bidding documents may be downloaded for e-submission from PPMO website and should deposit the cost (as specified above) of bidding document in the office Rajaswa (Revenue) account as specified below and the scanned copy (pdf format) of the bank deposit voucher shall be uploaded by the bidder at the time of electronic submission of the bids. Information to deposit the cost of bidding document and bid security in bank are as follows:

| Bid Document Purchase Fee | Bid Security |
|---|---|
| Name of Bank : **Nepal Investment Mega Bank Ltd.** Account Name : **Ga.1.1 Ratuwamai Na.Pa Aantarik Rajasho Khata** Account Number : **09701400000093** | Name of Bank : **Nepal Investment Mega Bank Ltd.** Account Name : **Ga.3.1 Ratuwamai Na.Pa Dharauti Khata** Account Number : **09701400000031** |

4. If the last date of opening falls on government holiday, then the working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain same as specified for the original last date of bid submission.

**Chief Administrative Officer**